**संघीय संसद**
**राष्ट्रिय सभा**
**चौथो अधिवेशन**
**बैठक - २९**
**सूचना पत्र - २**
**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७६ श्रावण ३ गते शुक्रबार**

---

संघीय संसद, राष्ट्रिय सभाको चौथो अधिवेशनको उनन्तीसौं बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा **दिनको १:१०** बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुवीर महासेठको तर्फबाट माननीय गृहमन्त्री रामबहादुर थापालाई "नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) विधेयक, २०७६ लाई दफावार छलफलको लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) विधेयक, २०७६ लाई दफावार छलफलको लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय खिमलाल भट्टराई, माननीय बद्रीप्रसाद पाण्डे, माननीय वृषेशचन्द्र लाल र माननीय प्रमिला कुमारी प्रस्तावक रही माननीय जीवन बुढा र माननीय अनिता देवकोटा समर्थक भई जरुरी सार्वजनिक महत्वको प्रस्ताव दर्ता गर्नुभएको व्यहोरा जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले जरुरी सार्वजनिक महत्वको प्रस्तावका प्रस्तावक सदस्यहरू मध्येबाट प्रस्तावक माननीय खिमलाल भट्टराईलाई निम्न व्यहोराको प्रस्ताव पेश गर्न समय दिनुभयो :

> "अविरल वर्षाको कारण तराई-मधेश-पहाड लगायत मुलुकका विभिन्न भागमा धेरै संख्यामा व्यक्तिहरूको हताहत भएको, त्यसैगरी निकै संख्यामा व्यक्तिहरू बेपत्ता भएका, नागरिकहरू बेपत्ता भएका, आम जनताको घरवास, खेतबारी बगाई हजारौं जनता विस्थापित भएका, नेपालभरिका राजमार्गमा क्षति भई अवरुद्ध भएको, विद्युत् सेवा रोकिएको, खानेपानीको अभाव भएको, विद्यालयहरू क्षतिग्रस्त भएका, स्वास्थ्य उपचारको व्यवस्था समेत सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह लगायत विभिन्न राजनैतिक दल एवं संघसंस्थाहरूबाट भएका र हुने गरेका उद्धार तथा राहतको कामकारबाही सम्बन्धमा यस सदनले जानकारी लिई आवश्यक निर्देशन गर्नुपर्ने भएकोले जरुरी सार्वजनिक महत्वको प्रस्ताव पेश गरेका छौं ।"

तत्पश्चात्, सम्माननीय अध्यक्षले जरुरी सार्वजनिक महत्वको प्रस्तावका प्रस्तावक क्रमश: माननीय बद्रीप्रसाद पाण्डे, माननीय वृषेशचन्द्र लाल र माननीय प्रमिला कुमारीलाई प्रस्ताव सम्बन्धमा बोल्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले जरुरी सार्वजनिक महत्वको प्रस्तावका समर्थक माननीय जीवन बुढा र माननीय अनिता देवकोटालाई उक्त प्रस्तावको सर्मथन गर्न समय दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले जरुरी सार्वजनिक महत्वको प्रस्तावमाथिको छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदै छलफलमा भाग लिने निम्न बमोजिमका माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउनुभयो :

| | | |
|---|---|---|
| १. मा. ठगेन्द्र प्रकाश पुरी | २. मा. प्रकाश पन्थ | ३. मा. रमेश प्रसाद यादव |
| ४. मा. विन्दादेवी आले (राना) | ५. मा. रामपृत पासवान | ६. मा. रामनारायण बिडारी |
| ७. मा. दुर्गा प्रसाद उपाध्याय | ८. मा. कोमल वली | ९. मा. धन कुमारी खतिवडा |
| १०. मा. राम लखन चमार | ११. मा. मुक्ता कुमारी यादव | १२. मा. खेमराज नेपाली |

तत्पश्चात्, सम्माननीय अध्यक्षले जरुरी सार्वजनिक महत्वको प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै माननीय गृहमन्त्री रामबहादुर थापालाई उक्त प्रस्तावको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय खिमलाल भट्टराई, माननीय बद्रीप्रसाद पाण्डे, माननीय वृषेशचन्द्र लाल र माननीय प्रमिला कुमारी प्रस्तावक रही माननीय जीवन बुढा र माननीय अनिता देवकोटा समर्थक भई पेश गर्नुभएको जरुरी सार्वजनिक महत्वको प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले निम्न व्यहोराको प्रस्ताव प्रस्तुत गर्नुभयो :

> "अविरल वर्षाका कारण देशका विभिन्न भागमा हालै आएको बाढी, पहिरो र डुबानबाट भएको मानवीय तथा भौतिक क्षतिप्रति राष्ट्रिय सभाको यो बैठक गहिरो दुःख व्यक्त गर्दछ । यस प्राकृतिक प्रकोपमा ज्यान गुमाउनेहरूको आत्माको चीर शान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ ।
>
> राष्ट्रिय सभाको यो बैठक बाढी, पहिरो र डुबानमा परी बेपत्ता हुनु भएकाहरूको खोजी, उद्धार, राहत र पुनर्स्थापनाको उचित व्यवस्था गर्न नेपाल सरकारको ध्यानाकर्षण गराउँदै यस कार्यमा सहयोग पुऱ्याउन सम्पूर्ण सरोकारवालाहरूमा हार्दिक अनुरोध गर्दछ ।
>
> साथै यस विपत्तिको घडीमा दैवी प्रकोपबाट प्रभावितहरूको उद्धार, राहत, पुनर्स्थापनाका साथै विपत्तिबाट क्षतिग्रस्त संरचना निर्माणका लागि राहत स्वरूप संघीय संसदका माननीय सदस्यहरूका तर्फबाट आ-आफ्नो संसदीय दल मार्फत् प्रदान गरिएको रकमका अतिरिक्त राष्ट्रिय सभाका माननीय सदस्यहरूको तर्फबाट १ दिनको तलब बराबरको रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गर्दछ ।"

तत्पश्चात्, सम्माननीय अध्यक्षले उपर्युक्त प्रस्तावलाई पारित गर्न अनुरोध गर्नुहुँदा सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक सम्वत् **२०७६ साल साउन ८ गते बुधबार दिनको १:०० बजे** बस्ने गरी **अपरान्ह ३:४० बजे** बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव